बैठक संख्या ६१ औ

आज मिति २०७८ अशोज २२ गते विदुर नगरपालिकाका प्रमुख श्री सन्जु पण्डितज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिका बैठक बसियो ।

| नाम | पद | दस्तखत |
|---|---|---|
| श्री सन्जु पण्डित | प्रमुख | |
| श्री गिता कुमारी दाहाल (अर्याल) | उपप्रमुख | |
| श्री लेनिन रन्जित | वडा अध्यक्ष | |
| श्री बीरेन्द्र कुमार शाही | वडा अध्यक्ष | |
| श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| श्री टलक मान श्रेष्ठ | वडा अध्यक्ष | |
| श्री शिव कुमार चित्रकार | वडा अध्यक्ष | |
| श्री राजु सडौला | वडा अध्यक्ष | |
| श्री महेन्द्र तमाङ | वडा अध्यक्ष | |
| श्री फइ सिं तमाङ | वडा अध्यक्ष | |
| श्री सनी चित्रकार | वडा अध्यक्ष | |
| श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| श्री तोयानाथ तिम्सीना | वडा अध्यक्ष | |
| श्री सिताराम अर्याल | वडा अध्यक्ष | |
| श्री दल वहादुर तमाङ | वडा अध्यक्ष | |
| श्री मुरली मिजार | कार्यपालिका सदस्य | मुरली |
| श्री राम शरण मिजार | कार्यपालिका सदस्य | |
| श्री कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| श्री राज कुमार कुमाल | कार्यपालिका सदस्य | |
| श्री बिन्दा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| श्री मेनुका चौलागाई | कार्यपालिका सदस्य | मेनुका |
| श्री रश्मी पाण्डे | कार्यपालिका सदस्य | रश्मी |
| श्री रेखा लामा | कार्यपालिका सदस्य | |
| श्री मोहन प्रसाद मरासिनी | प्रमुख प्रशासकिय अधिकृत | |

Scanned with CamScanner

## ६१ औँ कार्यपालिका बैठक (२०७८।०६।२२)

एजेण्डा:

१. राजश्व परामर्श समितिको वैठकको निर्णय अनुमोदन सम्वन्धमा
२.L.P.ट्रेडर्सको गिट्टी छान्ने जालीको भुक्तानी सम्वन्धमा
३. वहिरा संघ प्रस्ताव सम्बन्धमा
४. अनाथ वालवालिका आश्रमको लागि आर्थिक सहयोग गर्ने सम्वन्धमा
५. चार्जिङ स्टेशनको लागि जग्गा उपलब्ध गराउने सम्वन्धमा
६. पाइप खरिदको बिल भक्तानी अनुमोदन सम्वन्धमा
७. विविध
(क) फायरमेनको रासन वृद्धि सम्वन्धमा
(ख) विजया दशमी, दिपावली, नेपाल सम्वत तथा छठ पर्वको शुभकामना आदानप्रदान सम्वन्धमा

समिक्षा : ६० औँ नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा :

नगर कार्यपालिकाको ६० औँ बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

निर्णयहरु:

१. राजश्व परामर्श समितिको वैठकको निर्णय अनुमोदन सम्वन्धमा

मिति २०७८।०६।०५ गते बसेको राजश्व परामर्श समितिको वैठकले गरेको तपशिलमा उल्लेखित निर्णयहरु अनुमोदन गरि कार्यान्वयन गर्ने ।

तपशिल :

क) कवाडी शुल्क संकलनका लागि पहिलो पटक सुचना प्रकाशन गरी वोलपत्र आव्हान गरेकोमा कुनै पनि वोलपत्रदाताको प्रस्ताव पेश हुन नआएको हुदाँ कार्तिक महिना देखि ठेक्का सम्झौता हुने गरी १५ दिन को सुचना प्रकाशन गर्ने र पहिलो पटक सुचना प्रकाशन गर्दा निर्धारण भएको वार्षिक न्युनतम आयमा ३ महिना अवधिको आय घटाई बाँकी अवधिको न्युनतम आय रु २२५००००। (अक्षरुपी बाइस लाख पचास हजार कायम गरी ठेक्का प्रक्रिया अगाडी वढाउनका लागी कार्यपालिका समक्ष गरेको सिफारिसलाई अनुमोदन गर्ने ।

ख) विदुर नगरपालिका वडा नं.१० को च नं.२७१ मिति २०७८।०५।११को पत्रबाट सिफारिस भैआए अनुसार विदुर नगरपालिका वडा नं. १० को केराघारी महभिर माथिल्लो केराघारी क्षेत्रका सडकले नछोएका जग्गाहरुको न्युनतम मुल्यांकन रु ५०००० ।(अक्षरुपी पचास हजार) मात्र हुनुपर्नेमा रु ५०००००। (अक्षरुपी पाच लाख ) मात्र भएकोले रु ५००००। (अक्षरुपी पचास हजार) प्रतिरोपनी कायम गर्न कार्यपालिकालाई गरेको सिफारिस अनुमोदन गर्ने ।

९७८१
८०/८/५/२८

Scanned with CamScanner

द्वन्द पिडित तथा सहित परिबारका बालबालिका लालनपालन र शिक्षा प्रदान कार्यक्रम शिर्षकबाट रु.५०००००।– (पाँच लाख) उपलब्ध गराउने ।

**५)चार्जिङ स्टेशनको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।**

बाग्मती प्रदेश सरकार भौतिक पुर्वाधार तथा योजना मन्त्रालयको आर्थिक तथा प्राविधिक सहयोगमा विदुर नगरपालिका वडा नं. ४ मा रहेको बट्टार बसपार्कमा स्थापना भएको विद्युतीय चार्जिङ स्टेशनको लागि कि.नं.४५२३, ४२७८ र ४२२५ को कुल ३ रोपनी ७ आना २ दाम जग्गा उपलब्ध गराउने ।

**६) पाइप खरिदको बिल भक्तानी अनुमोदन सम्बन्धमा ।**

विदुर नगरपालिका कार्यालयले विभिन्न वडामा खानेपानी तथा सिंचाई योजनालाई विभिन्न मितिमा दिईएको पाइप तथा फिटिङका सामानहरुको लागि आर्थिक बर्ष २०७७/०७८ मा कुल रु. ९,००,६६५।-(नौं लाख छ सय पैसठी) भुक्तानी भएकोले सोको अनुमोदन गर्ने ।

**७) योजना संसोधन सम्बन्धमा :**

क) चालु बर्षको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत बडा नं. १ बान्द्रे देखि बडा नं. १० बोगटी गाँउ हुदै वडा नं. ११ जोडने सडकका लागि रु. ५० लाख विनियोजन भै ठेक्का सुचना समेत भैसकेकोमा, यसै आर्थिक बर्षबाट कार्यान्वयन शुरु हुनेगरी बाग्मती प्रदेश सरकार भौतिक योजना तथा पूर्वाधार विकास मन्त्रालयबाट रु. १० करोड विनियोजन भएकोले नगरपालिकाले गरेको मिति २०७८/६/३, ठेक्का सुचना नं. GoN/BM/BBCGRC/18/078-79 रद्ध गरी सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई गराउने ।

ख) चालु बर्षको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत बडा नं. १ बान्द्रे देखि बडा नं. १० बोगटी गाँउ हुदै वडा नं. ११ जोडने सडकका लागि रु. ५० लाख विनियोजन भएकोमा उक्त योजनाका लागि यसै आर्थिक बर्षबाट कार्यान्वयन शुरु हुनेगरी बाग्मती प्रदेश सरकार भौतिक योजना तथा पूर्वाधार विकास मन्त्रालयबाट रु. १० करोड विनियोजन भएकोले रु. ५० लाख वजेटबाट घंटाघर, हावाघर हुदै क्रियापुत्री भवन सम्मको बाटो स्थानीय उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने ।

**८) नक्सापासलाई व्यवस्थित गर्ने सम्बन्धमा :**

विदुर नगरपालिकाको विगत बर्ष देखिका नक्साहरुलाई डिजिटाइजेन गरी राख्ने र नक्सापासलाई विद्युतिय प्रणाली मार्फत गर्ने गरी सेवा प्रवाह सुदृढिकरणका लागि संस्थागत विकास योजना शिर्षकबाट रु. ४०००००।० (चार लाख) विनियोजन गरी परामर्श सेवा मार्फत उक्त कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

Scanned with CamScanner

**९) खेतियोग्य जमिन संरक्षण गर्ने बारे :**

विदुर नगरपालिकाको कृषि तथा खेतियोग्य जमिनमा अव्यवस्थित रुपमा बस्ती विकास हुदै गएको कारण कषि उत्पादनमा ह्रास आएको हुनाले स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार शहरी विकास तथा बस्ती विकास सम्बन्धी कार्यलाई व्यवस्थित गर्न भुमिलाई कृषि क्षेत्र, आवासीय क्षेत्र, उद्योग तथा व्यापार क्षेत्र, बन क्षेत्र आदिमा वर्गीकरण गरी बस्ती विकास गर्न, कुलो तथा नहरको तलमाथिको जग्गा संरक्षण गर्न आवश्यक देखिएकोले १३ वटै वडासंग वडास्तरीय बृहद छलफल तथा परामर्श गरी भुमिको बर्गीकरण गर्ने र भुमिको उपयोग सम्बन्धी कार्यविधि/मापदण्ड बनाई २०७८ पौष महिना भित्र लागु गर्ने गरी आवश्यक कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

**१०) विविध ।**

क) विदुर नगरपालिकाको दमकल शाखामा काम गर्ने फायरमेन, चालकलाई खाना तथा रासनका लागि प्रति दिन रु.१५०।- का दरले रकम उपलब्ध गराउने ।

ख) विदुर नगरपालिका वडा नं. ५ स्थित जाल्पा क्षेत्रको सरसफाई र व्यवस्थापन कार्यका लागि धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षकबाट रु. ३०००००।० (तीन लाख) विनियोजन गर्ने ।

ग)आर्थिक बर्ष २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयनका लागि बनेको कार्ययोजना र बार्षिक खरिद योजना स्वीकृत गर्ने ।

घ)नगरपालिकामा गठन भएको लेखा समितिको सदस्य सचिवमा लेखा अधिकृत देवराज डागीलाई तोक्ने ।

ङ) विदुर नगरपालिका अर्न्तगतको नदि तथा खोलाहरु बाट उत्खनन, निकासी तथा विक्रि वितरण शुल्क संकलन सम्वन्धमा विदुर नगरपालिका नगर कार्यपालिकाको मिति २०७८ साल असार ३ गतेको निर्णयानुसार आ. व. ०७८।७९ मा त्रिशुली नदिबाट २१३५८६१।०८ घनफिट, तादी खोलाबाट २०६९६१७५।५९ घनफिट र सामरी, सलाखु, फलाखु, गेर्खु लगायतका स्थानबाट १७०८३६६।२७ घनफिट गरी जम्मा ५९१३८४४।९४ घनफिटको प्रति घनफिट रु. ९ का दरले जम्मा रु. ५३२२४६०५।० (अक्षरुपी पाच करोड वत्तिस लाख चौविस हजार छ सय पाच रुपिया) मात्र न्युनतम आय अनुमान गरी सुचना प्रकाशन गरिएकोमा एक मात्र वोलपत्रदाता कल्पवृक्ष/प्रशुन जे. भि. काठमाण्डौले रु ५३५५५५५५। (पाच करोड पैतिस लाख पचपन्न हजार पाच सय पचपन्न)मात्र कवोल गरी वोलपत्र पेश गरेको मा निजको वोलपत्रलाई स्विकृत गरी सम्झौताका लागी कार्यालयबाट पत्राचार गरिएकोमा निजले कोभिड महामारीको कारण देखाई सम्झौता नगरेकोले कार्यालयले नै २०७८ साल श्रावण र भाद्र महिनामा कर शुल्क संकलन गरेको र वोलपत्रदाताले मिति २०७८ साल असोज महिना देखि कार्यालयमा रु २ करोड दाखिला गरी कर संकलन कार्य थालनी गरी दुई महिनाको कर छुट माग गरेको सन्दर्भमा छलफल गर्दा श्रावण भाद्र महिना सम्म कोभिड महामारीको प्रभाव देखिरहेको र कार्यालयले आफै संकलन गरेकोले उल्लेखित परिमाण लाई वार्षिक गणना गरी त्यसमा दुई महिना वरावरको परिमाण घटाई जम्मा

Scanned with CamScanner

४९२८२०४।१७ घनफिट कायम गर्ने र वोलपत्रदाताले पेश गरेको रकमलाई पनि सोही वमोजिम रु ४४६२९६२९।१७ (अक्षरुपी चार करोड छयालिस लाख उनन्तीस हजार छ सय उनन्तिस रुपिया सत्र पैसा) भ्याट वाहेक कायम गरी सुचना तथा वोलपत्रमा भएका अन्य कुरालाई यथावत राखी उत्खनन परिमाण र अवधिलाई यसै वमोजिम हुने गरी २०७९ साल असार मसान्त सम्मका लागी वि न पा को ठेक्का नं. BM/NCB/Revenue/07/समुह क/2077-78 को सम्झौता गरी कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो ।

च) विदुर नगरपालिका अर्न्तगतको वडा नं. ४ वट्टार वसपार्क सञ्चालन तथा व्यवस्थापनका लागी यस कार्यालय र विराट निमार्ण सेवा वि नपा ४ विच मिति २०७८ साल असोज ४ गते सम्झौता भई साझेदार संस्थाबाट सञ्चालन तथा व्यवस्थापन गरि आएकोमा निज चालु आव २०७८।७९ को श्रावण महिना देखि असार महिना सम्मका लागी ठेक्का सम्झौता कवुल गरेकोमा कोभिड महामारीका कारण राम्रो संग सञ्चालनमा गर्न नसकेको असोज महिना देखि काम शुरु गरेकोले २ महिना वरावरको रकम छुट पाउ भनि निवेदन पेश गरेको हुदाँ निजको निवदेनका विषयमा छलफल गर्दा माग वमोजिम वार्षिक रकममा दामासाहीले दुइ महिना वरावरको भाडा रकम छुट दिने निर्णय गरियो ।

छ) विदुर नगरपालिका वडा नं. ५ स्थित गगटे पार्क सार्वजनिक निजी अवधारणामा व्यवस्थापन तथा संचालन गर्ने गरी कार्यविधि तयार गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

ज) विदुर नगरपालिका वडा नं. २ को सम्पदा बस्ती अनुदान कार्यक्रम अन्तर्गत प्रति घर रु. ४० हजार अनुदान दिइदै आएकोमा यस आ.व.मा समेत निरन्तरता गर्ने गरी ६० औ कार्यपालिका बैठकबाट रु. ५ लाख विनियोजन गर्ने निर्णय भएकोमा उक्त रकम नपुग भएकोले विविध सार्वजनिक निर्माण शिर्षकबाट थप रु. ५ लाख विनियोजन गर्ने ।

झ)-२०७८ सालको विजया दशमी, दिपावली, नेपाल सम्वत, छठ, क्रिसमश लगायतका पर्वको उपलक्षमा विदुर नगरबासी लगायत स्वेदश तथा विदेशमा रहनुहुने सम्पुर्ण नेपालीहरुको सु–स्वास्थ्य, दिर्घायु र उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्ने ।

Scanned with CamScanner